**धनगढी उप-महानगरपालिका**

# स्थानीय राजपत्र

**खण्डः ०७** **संख्याः ०१** **मितिः २०८०/०२/३२**

## भाग-२

**धनगढी उप-महानगरपालिका**

## महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०२ ।३२**

**राजपत्रमा प्रकाशित मिति : २०८०।०३ ।०१**

**प्रस्तावनाः** संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को ६.६ मा स्वास्थ्य सेवामा स्वंय सेवकको अवधारणालाइ विकास गर्दै महिला स्वास्थ्य स्वंय सेविकाको परिचालन तथा व्यवस्थापन स्थानीय तहबाट गर्न निर्देशन गरेको छ। स्वास्थ्य क्षेत्रमा विगत देखी नै महत्वपूर्ण योगदान पु-याउदै आएका महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाहरुलाई परिचालन गर्दै स्वास्थ्य सेवालाइ थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनिय भएकोले,

धनगढी उप- महानगरपालिका स्वास्थ्य ऐन २०७७ को दफा १७ र दफा ४२ बमोजिम **महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका कार्यक्रम सञ्चालन कार्यविधि २०८०** तयार पारिएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र परिचयः**

क) यस कार्यविधिको नाम "**महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका कार्यक्रम सञ्चालन कार्यविधि २०८०"** रहेको छ।

ख) यो कार्यविधि धनगढी उप-महानगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिवाट लागू हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) “कार्यक्रम” भन्नाले महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका कार्यक्रम सम्झनु पर्दछ।

ख) “आमा समुह” भन्नाले स्वास्थ्य आमा समुह सम्झनु पर्दछ।

ग) “उप-महानगरपालिका” भन्नाले धनगढी उप-महानगरपालिका सम्झनु पर्दछ।

घ) “स्वास्थ्य संस्था” भन्नाले धनगढी उप-महानगरपालिका भित्र सञ्चालनमा रहेका शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र लाइ सम्झनु पर्दछ।

ङ) “महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका” भन्नाले स्थानिय स्तरमा स्वास्थ्य आमा समुहबाट छनौट गरिएका निश्चित अवधीसम्म स्वंय सेवा गर्न तत्पर भएका र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट निर्धारित पाठ्यक्रम अनुसार आधारभुत तालिम प्राप्त गरेका स्थानिय स्वास्थ्य संस्था/ पालिकाबाट प्रदान गरिने विभिन्न स्वास्थ्यका कार्यक्रमहरुमा सहयोग पु-याउने स्वंयसेवी महिलालाइ सम्झनुपर्दछ।

च) “प्रमुख” भन्नाले धनगढी उप–महानगरपालिका प्रमुखलाई सम्झनु पर्छ ।

छ) “नगर उप–प्रमुख” भन्नाले धनगढी उप–महानगरपालिका नगर उप–प्रमुखलाईं सम्झनु पर्छ ।

ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले धनगढी उप–महानगरपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

झ) “शाखा” भन्नाले उपमहानगरपालिकामो स्वास्थ्य शाखा भन्ने बुझ्नुपर्दछ।

**३. उदेश्यहरुः**

क) स्वास्थ्य सम्बन्धि अत्यावश्यक ज्ञान र सीप प्रदान गरेर स्थानीय स्तरमा स्वास्थ्य समस्या समाधान गर्न महिलालाइ सक्रिय बनाउने।

धनगढी उप-महानगरपालिका राजपत्र

ख) स्वास्थ्य कार्यक्रमलाइ समुदायस्तर सम्म पु-याउन सम्पर्क व्यक्तिको रुपमा कार्य गर्न तथा स्वास्थ्य सेवा प्रदान गर्न इच्छुक महिला सामुदायीक स्वास्थ्य स्वंय सेवकहरु तयार गर्ने।

ग) सामुदायीक स्वास्थ्यको विकासमा समुदायको सहभागिता अभिवृद्धि गर्ने।

घ) समुदायमा स्वास्थ्य आमा समुहको माध्यमबाट घरघरमा स्वास्थ्य सुचना प्रवाह गरी स्वास्थ्य सेवाको उपयोग वृद्धि गर्ने।

## परिच्छेद -२

## महिला सामुदायीक स्वास्थ्य स्वंयसेविकाको छनौट प्रक्रियाका आधारहरु

**४. स्वास्थ्य आमा समुहः**

क) समुदायको सहभागितामा स्वास्थ्य संस्थाको कार्यकर्ताले प्रजनन उमेर समुहका महिलाहरुलाई समावेश गरी समुदायमा स्वास्थ्य आमा समुह गठन गर्नेछ। उक्त आमा समुहमा एक जना अध्यक्ष र अन्य पदाधिकारी हुनेछन।

ख) एक आमा समुहमा दलित, सिमान्तकृत, लोपोन्मुख तथा सेवाको पहुँचबाट टाढा रहेका महिलाहरुको समेत प्रतिनिधित्व हुने गरी कम्तिमा १५ जना सदस्यहरु रहनेछन।

**५. स्वास्थ्य आमा समुहको भूमिकाः**

क) प्रत्येक स्वास्थ्य आमा समुहले तोकेको योग्यता पुगेका सदस्यहरु मध्येबाट सम्बन्धित स्वास्थ्य संस्था प्रमुख/ प्रतिनिधि, सम्बन्धित वडा जनप्रतिनिधिको अनिवार्य उपस्थितिमा एक जना सामुदायीक महिला स्वास्थ्य स्वंय सेविका छनौट गर्नु पर्नेछ।

ख) कम्तिमा महिनाको एक पटक वा आवश्यकता अनुसार थप पटक बैठक संचालन गर्नुपर्नेछ।

ग) आमा समुहको बैठकले महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाको कामको समिक्षा गर्नका लागी कम्तिमा बर्षको एक पटक समिक्षा गरी स्थानीय स्वास्थ्य संस्थालाइ जानकारी गराउनु पर्नेछ।

**६. महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका छनौटका मापदण्डहरुः**

क) सम्बन्धित वडामा स्थायी बसोबास भएको

ख) कम्तिमा ५ बर्षसम्म स्वंय सेविका भइ काम गर्न इच्छुक

ग) २० बर्ष पुरा भइ ४५ बर्ष ननाधेको

घ) विवाहित महिलालाई ग्राह्यता दिइनेछ

धनगढी उप-महानगरपालिका राजपत्र

ङ) सामाजिक सेवाको भावना भएको

च) कम्तिमा एस.इ.इ/ एस.एल.सी उत्तिर्ण भएको हुनुपर्नेछ सो उपलब्ध नभएमा मात्र आधारभुत शिक्षा पास भएको महिलाबाट छनोट गर्न सकिनेछ।

छ) दलित, जनजाती, पिछडिएको वर्गका महिलालाइ प्राथमिकता दिनुपर्नेछ।

ज) कुनै पनी संस्थामा कार्यरत तलबी कर्मचारीले महिला सामुदायीक स्वंय सेविकाको रुपमा कार्य गर्न पाइनेछैन।

झ) राजनैतिक पदमा बहाल नरहेको वा जनप्रतिनिध नभएको।

ञ) फौजदारि अभियोगमा कसुरदार नभएको हुनुपर्ने।

**७. महिला सामुदायीक स्वास्थ्य स्वंयसेविका पद रिक्त हुने अवस्था:**

क) स्वंय सेविकाको भुमिका निर्वाह गर्न अनिच्छुक भइ स्वास्थ्य आमा समुहमा लिखित राजिनामा गरेमा ।

ख) कुनै पनि संघ  संस्थामा तलवी(बैतनिक ) पदमा बहाल रहेमा ।

ग) आधिकारिक रुपमा राजनैतिक पदमा बहाल भएमा वा रहेमा ।

घ) जनप्रतिनिधि चयन भइ बहाल रहेमा ।

ङ) बिना सुचना लगातार ३ पटकसम्म स्वास्थ्य आमा समुहको बैठक नराखेमा वा अनुपस्थित भएमा ।

च) शारिरीक/ मानसिक असक्तताका कारण कार्य गर्न असमर्थ भएमा ।

छ) कानुनी रुपमा फौजदारी अभियोग लागेमा ।

ज) अन्यत्र (आफ्ना सेवारत स्थान भन्दा बाहिर) बसाइसरी गएमा ।

झ) मृत्यु भएमा ।

**८. महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाको संख्या:** धनगढी उपमहानगरपालिकामा हाल कार्यरत रहेका महिला स्वास्थ्य स्वंय सेविकाको संख्या २१४ यथावत रहने छ। तथापी महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका सम्बन्धि नेपाल सरकारबाट हुने निर्देशन बमोजिम घटबढ भइ जाने व्यवस्था स्वतः हुनेछ।

**९. कार्यअवधि:** महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाले ६० बर्षको उमेरसम्म कार्य गर्न पाउनेछन । यदी कसैले सो समयावबधी पश्चात पनि स्वंय सेवा गर्न चाहेमा संघ /प्रदेश/स्थानिय सरकारबाट उपलब्ध गराइने सेवासुविधाहरु उपलब्ध गराइने छैन।

**१०.महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाको बिदाइ:**

क) स्वास्थ्य आमा समुहको सिफारिसमा ६० बर्ष उमेर पुगेका स्वंय सेविकालाइ ससम्मान विदाइ गरिनेछ।

धनगढी उपमहानगरपालिका राजपत्र

ख) कम्तिमा १५ बर्षसम्म महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका भइ सन्तोषजनक ढंगबाट आफ्नो वडामा सेवा गरी सेवाबाट अलग भएका स्वंय सेविकाहरुलाइ कार्यपालिकाले तोके बमोजिमको एकमुष्ट कदरपत्र तथा आर्थिक सहयोग प्रदान गरिनेछ।

ग) न्युनतम ५ बर्ष स्वंयसेविका भइ असामयीक निधन भएका स्वंय सेविकाहरुलाइ कार्यपालिकाले निजको हकवालालाई तोके बमोजिम एकमुष्ट कदरपत्र तथा आर्थिक सहयोग प्रदान गरिनेछ।

घ) स्वंय सेविकाको भुमिकाबाट अलग भएपछि पनि उनीहरुलाई स्वास्थ्य आमा समुहको सम्मानित सदस्यको रुपमा क्रियाशिल रहन उत्प्रेरित गरिनेछ।

ङ) कम्तिमा १५ बर्ष सेवा अवधि पूरा गरी विदाइ भएका स्वंय सेविकाहरुलाई उनीहरुले कार्यरत रहदा पाएको निशुल्क स्वास्थ्य सेवाको सुविधालाई पालिकामा उपलब्ध सेवाहरुलाई निशुल्क रुपमा प्रदान गर्न प्रयास गरिनेछ।

च) कुनै महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाले सेवाबाट बिदा लिन चाहेमा सम्बन्धित स्वास्थ्य आमा समुहको अध्यक्षलाइ सम्बोधन गरी कारण खुलाइ राजिनामा दिनु पर्नेछ। स्वास्थ्य आमा समुहको अध्यक्षले उक्त राजिनामा स्विकृत गरी सम्बन्धित स्वास्थ्य संस्थाको समन्वयमा ३० दिन भित्रमा नया महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका चयन गर्नु पर्नेछ।

छ) स्वंय सेविकालाइ धनगढी उप-महानगरपालिकाबाट प्रदान गरिने आर्थिक सहयोगले संघ /प्रदेश सरकारबाट प्राप्त गरिने थप सहयोग लिनबाट कुनै बाधा पर्ने छैन।

## परिच्छेद ३

## महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाको तालिम तथा क्षमता अभिवृद्धी

स्वास्थ्य सम्बन्धि अत्यावश्यक ज्ञान र सीप प्रदान गरी स्थानिय तहमा स्वास्थ्य समस्या समाधान गर्न नया छनौट भएका महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकालाइ निर्धारित पाठ्यक्रम अनुसार आधारभुत तालिमको व्यवस्था गरिनेछ। उपमहानगरपालिकाले आवश्यकता अनुसार स्वास्थ्य कार्यक्रमको तालिम, पुनर्ताजगी, अनुशिक्षण, अभिमुखीकरण गोष्ठी र अनुगमन तथा समिक्षा बैठक संचालन गरी स्वास्थ्य स्वंय सेविकाको क्षमता अभिवृद्धी गरिनेछ।

### ११.महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाको भुमिकाः

**क)** स्वास्थ्य आमा समुहको नियमित बैठक संचालन गर्न समुहको अध्यक्षलाई सहयोग गर्ने।

ख) स्वास्थ्य आमा समुहको माध्यमद्वारा घर घरमा स्वास्थ्य सम्बन्धि सचेतना अभिवृद्धि गर्ने तथा स्थानिय तहमा उपलब्ध सेवाको उपभोग बढाउन सुचना प्रवाह गर्ने ।

ग) परिवार नियोजन, सुरक्षित मातृत्व, किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य, नवजात शिशुस्याहार, खोप कार्यक्रम, पोषण कार्यक्रम, सरुवा रोग तथा महामारी नियन्त्रण, श्वासप्रश्वास तथा झाडापखाला रोकथाम तथा नियन्त्रण, मानसिक स्वास्थ्य सम्बन्धि सचेतना तथा नसर्ने रोगहरुको रोकथाम, वातावरणीय सरसफाइ, विपद व्यवस्थापन, आयुर्वेद तथा बैकल्पिक चिकित्सा बिषयमा स्वास्थ्य सन्देश प्रवाह गर्ने ।

घ) आफुले गरेका मासिक तथा बार्षिक कार्यको विवरण स्वास्थ्य आमा समुह तथा स्थानीय स्वास्थ्य संस्थालाइ तोकिएको ढाँचामा निश्चित अवधिमा जानकारी गराउने।

ङ) हजार दिनका महिला भएका घरपरिवारको सामाजिक नक्सांकन गर्ने तथा आवश्यकता अनुसार घरधुरी भ्रमण गरी परामर्श मार्फत स्वास्थ्य प्रबर्द्धनमा सहयोग गर्ने।

च) स्वास्थ्य सम्बन्धि स्थानिय स्तरमा भएका जोखिमहरु पहिचान गरी सो को न्युनीकरणमा सहयोग गर्ने।

छ) आवश्यकता अनुसार सेवाको उपयोगमा वृद्धि गर्नका लागी स्वास्थ्य संस्थामा प्रेषण गर्ने।

ज) विभिन्न राष्ट्रिय अभियानमा सहयोग गर्नुका साथै उप-महानगरपालिकाले तोके बमोजिम अन्य भुमिका निर्वाह गर्नुपर्नेछ।

झ) महिला सामुदायीयक स्वास्थ्य स्वंय सेविकाको आचारसंहिता अनुसुची १ बमोजिम हुनुपर्नेछ।

**१२. स्वास्थ्यकर्मीको भुमिकाः**

क) स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्यकर्मीको भुमिका

१. उप-महानगरपालिकाको स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्यकर्मी मध्ये एक जनाले महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका कार्यक्रम फोकल पर्सनको रुपमा कार्य गर्नेछ साथै स्वास्थ्य संस्था र शाखाको बिच समन्वयकारी भुमिका खेल्नेछ।

२. महिला स्वास्थ्य स्वंय सेविका कार्यक्रमको अनुगमन गरी आवश्यक सरसल्लाह दिने।

ख) स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीको भुमिकाः

१. समुदायस्तरमा संचालित कार्यक्रमहरुमा महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाहरुलाई परिचालन गर्ने तथा उनीहरुको कामको अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको हुनेछ।

२. आमा समुहको गठनमा सहयोग गर्ने, आमा समुह सुदृढीकरण गर्ने तथा आमा समुहलाइ क्रियाशिल तुल्याउन सहयोग गर्ने।

धनगढी उप-महानगरपालिका राजपत्र

३. महिला सामुदायीक स्वंयसेविकाहरुको ज्ञान, क्षमता अभिवृद्धि गर्ने।

४. मासिक रुपमा महिला सामुदायीक स्वंय सेविकाहरुले गरेका कार्यहरुको प्रतिवेदन संकलन गर्ने।

५. महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाको व्यक्तिगत विवरण अध्यावधिक तथा नविकरण गर्ने।

६. महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाको ससम्मान बिदाइका लागी सहयोग गर्ने र उक्त विवरण स्वास्थ्य शाखामा जानकारी गराउने।

## परिच्छेद- ४

## कार्यक्रमको योजना तथा अनुगमन

**१३.महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका समितिः** धनगढी उप-महानगरपालिकामा महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका कार्यक्रमको योजना तथा अनुगमनका लागी तपसिल अनुसारको समिति रहनेछ।

| | | |
|---|---|---|
| १. | नगर उप–प्रमुख- | अध्यक्ष |
| २. | सामाजिक विकास समिति अध्यक्ष- | सदस्य |
| ३. | योजना शाखा प्रमुख/प्रतिनिधि- | सदस्य |
| ४. | समितिका अध्यक्षले मनोनित गरेका दलित, सिमान्तकृत सेवाको पहुच कम भएका समुदायको प्रतिनिधिबाट २ जना- | सदस्य |
| ५. | महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकामध्ये १ जना- | सदस्य |
| ६. | स्वास्थ्य संग सम्बन्धित संघ संस्थाको प्रतिनिधि- | सदस्य |
| ७. | स्वास्थ शाखा प्रमुख- | सदस्य सचीव |

**१४.महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका समितिको कार्यः-** महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका समितिको कार्य निम्नानुसार रहनेछः

क) महिला स्वास्थ्य स्वंय सेविका कार्यक्रमको कार्यान्वयन तथा समिक्षा गर्नका लागी सहयोग र समन्वय गर्ने।

धनगढी उप-महानगरपालिका राजपत्र

ख) कार्यविधि बमोजिम कार्यक्रम संचालन भए नभएको यकीन गरी स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति, स्वास्थ्य संस्था, महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकालाइ आवश्यक निर्देशन दिने।

ग) कार्यक्रमका लागी आवश्यक पर्ने आर्थिक व्यवस्थापनका लागी पहल गर्ने।

घ) महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाको विदाइ लगायत विभिन्न कार्यक्रमको सहजिकरण गर्ने तथा महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका कोषको अनुगमन गर्ने।

**१५.कार्यक्रमको समिक्षा**

क) महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका कार्यक्रम सम्बन्धि क्रियाकलापको समिक्षा गर्न तथा भावी योजना तर्जुमा गर्न प्रत्येक स्वास्थ्य संस्थामा हरेक ६ महिनामा १ दिनको अर्धबार्षिक समिक्षा बैठक संचालन गरिनेछ।

ख) स्वास्थ्य शाखाको समन्वयमा सम्बन्धित स्वास्थ्य संस्था प्रमुखले बैठक संचालन गर्नुपर्नेछ।

ग) समिक्षा बैठकमा स्वास्थ्य संस्था प्रमुखले सम्बन्धित वडा प्रमुख, प्रतिनिधि तथा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितका सदस्यहरुलाइ आमन्त्रित गर्नुपर्नेछ।

**१६.उत्प्रेरणाः** उपमहानगरपालिकाभित्र कार्यरत महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाहरुलाइ थप प्रभावकारी रुपमा परिचालनका लागी तपसिल अनुसारका क्रियाकलापहरु संचालन गरिनेछन।

क) महिला स्वास्थ्य स्वंय सेविका कोषः वडा स्तरमा भएको महिला स्वास्थ्य स्वंय सेविका कोषलाइ क्रियाशील बनाइनेछ। कोषको प्रभावकारी संचालनका लागी समुदायस्तरमा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने साथै कोष परिचालनको अनुगमन कार्यलाइ नियमित गरिनेछ।

ख) हरेक बर्ष मनाइदै आइएको महिला स्वास्थ्य स्वंय सेविका दिवसलाइ निरन्तरता दिइनेछ।

ग) प्रशंसनीय रुपमा कार्य गर्ने स्वंयसेविकालाइ स्थानीय तहबाट प्रोत्साहन स्वरुप प्रशंसापत्र प्रदान गर्ने, सार्वजनिक समारोहमा अभिनन्दन गर्ने तथा अवलोकन भ्रमणको अवसर प्रदान गर्ने प्रयास गरिनेछ।

घ) महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाको सेवा सुविधा सम्बन्ध थप व्यवस्था संध/प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद ५

## विविध

**१७.थपघट वा हेरफेर गर्न सक्नेः** यो कार्यविधिको कार्यान्वयनलाई थप प्रभावकारी र व्यवस्थित बनाउन नगरपालिकाले कार्यविधिमा थप घट, हेरफेर र खारेज गर्न सक्नेछ।

**१८.बाधा अड्काउः** यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आइपरेमा सो को अधिकार कार्यपालिकामा रहनेछ ।



धनगढी उपमहानगरपालिका राजपत्र

## अनुसुची -१

## महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाले पालना गर्नुपर्ने आचार संहिता

क) अन्तराष्ट्रिय स्वंयसेवकको भावना अनुरुप स्वंयसेवी भावले समुदायको स्वास्थ्य अधिकार र पहुचलाइ मुल मन्त्र मानी नैतिकता, इमान्दारी र उच्च मनोबलका साथ कार्य गर्नेछु।

ख) आफ्नो सिप र ज्ञानको उपयुक्त रुपमा सदुपयोग गरी विभिन्न स्वास्थ्य कार्यक्रममा संलग्न भइ समुदायमा स्वास्थ्य सेवाको प्रवर्द्धन गर्नेछु।

ग) आफु सम्बद्ध स्वास्थ्य आमा समुहप्रति ईमान्दारी तथा जवाफदेही तथा प्रतिवद्ध भइ पुर्ण रुपमा कार्य गर्नेछु।

घ) स्वंय सेवकको भावना र मर्मलाइ कार्यगत रुपमा उतारी समुदायको स्वास्थ्य र भलाइको प्रवर्द्धन गर्नेछु।

ङ) सिकेका ज्ञान र सिपको समुचित प्रयोग गरी जनसमुदायलाइ स्वास्थ्य संस्था तथा गाउघर क्लिनिकबाट स्वास्थ्य सेवा लिन उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रबर्द्धन गर्न लगाउने छु।

च) समुदायको व्यवहारमा सदैव विनम्र रुपमा सहयोगी हुनेछु।

छ) सेवाग्राहीको गोपनियता कायम राख्नेछु।

ज) आर्जित ज्ञान र सिपलाइ व्यक्तिगत फाइदाको लागी प्रयोग गर्नेछैन।

झ) समुदाय, आमा र शिशुको उत्थानमा आफ्नो हृदय देखि नै लाग्नेछु।

ञ) स्वास्थ्य आमा समुहलाइ शसक्तिकरण गर्न तथा स्वास्थ सेवा सुदृढ गर्न यथासक्य कोशिष गर्नेछु।

ट) महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका कोषको भावना र मर्म अनुरुप यसको दिगोपना र प्रयोगमा सहभागी हुनेछु।

ठ) समुदाय तथा व्यक्तिको मान्यता र संस्कृतिलाइ आदर गरी पक्षपात रहित सेवा दिनेछु।

ड) स्वास्थ्य क्षेत्रमा संचालित अभियान कार्यक्रममा सक्रिय रुपले सहभागी हुनेछु।

ढ) महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाले पालना गर्नुपर्ने नीति नियमको पुर्ण पालना गर्नेछु।

ण) धनगढी उपमहानगरपालिका अन्तरगत संचालित कार्यक्रमलाइ प्राथमिकताका साथ सम्पन्न गर्नेछु।

त) कुनै पनि संध संस्थामा तलवी(बैतनिक ) पदमा नियुक्त भएमा, आधिकारिक रुपमा राजनैतिक पदमा बहाल भएमा, जनप्रतिनिधि चयन भइ बहाल भएमा स्वंय सेविकाको उत्तरदायित्वबाट स्वतः बहिरगमन हुनेछु।

थ) जात, लिंग, धर्म, भाषा, उमेर, शारिरीक सक्षमता, राजनैतिक विचारधारा तथा मान्यताले मेरो कार्यमा बाधा पर्ने छैन भनी विश्वास दिलाउदछु।

द) आफ्नो राजनैतिक विश्वासबारे प्रचारप्रसार गर्ने छैन।

धनगढी उप-महानगरपालिका राजपत्र

## अनुसुची -२

**महिला सामुदायीक स्वास्थ्य स्वंय सेविका हुनको लागी दिनुपर्ने निवेदन (नमुना)**

मितिः

श्री स्वास्थ्य आमा समुह
धनगढी उप-महानगरपालिका वडा नं ...., कैलाली

**बिषयः सामुदायीक महिला स्वास्थ्य स्वंय सेविका भइ काम गर्न पाउ।**

महोदय,
म महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाको रुपमा काम गर्न इच्छुक भएकाले यो निवेदन पेश गरेको छु। म स्वास्थ्य आमा समुहको नियम मान्न मन्जुर रहेको व्यहोरा पनि अनुरोध गर्दछु।
साथै यसै निवेदन मार्फत महिला स्वास्थ्य स्वंय सेविकाको आचार संहितालाइ पूर्णतः पालना गर्ने प्रतिवद्धता पनि व्यक्त गर्दछु।

निवेदिका
नाम थरः
ठेगानाः
दस्तखतः
नागरिकता प्रमाणपत्र नं
जन्म मितिः

धनगढी उप-महानगरपालिका राजपत्र

## अनुसुची -३

**स्वास्थ्य आमा समुहको निर्णय (नमुना)**

मिति ............................... का दिन ...............आमा समुहको बसेको बैठकले कैलाली जिल्ला धनगढी उप-महानगरपालिका वडा नं ....... बस्ने श्री .............................. (नागरिकता प्रमाणपत्र नं ...........................) लाइ महिला स्वास्थ्य स्वंय सेविका कार्यविधि २०८० मा उल्लेख गरिए बमोजिम आचार संहिता पालना गर्ने शर्तमा मिति .................... देखी महिला सामुदायीक स्वास्थ्य स्वंय सेविकाको रुपमा छनोट गर्ने निर्णय गरियो।

**आज्ञाले,**

...................

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप महानगरपालीका

धनगढी उप-महानगरपालिका राजपत्र